# कुमारी बैंक लिमिटेड

## विशेष साधारण सभा

(२०७३/०७/२९)

## निर्णय विवरण

श्री कुमारी बैंक लिमिटेडको
विशेष वार्षिक साधारण सभाको
निर्णय विवरण

श्री कुमारी बैंक लिमिटेडको विशेष वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सन्तोष कुमार लामाज्यूको अध्यक्षतामा देहाय बमोजिम गरि सम्पन्न भयो ।

१) **सभाको मिति, स्थान र समय**

मिति : २०७३ साल कार्तिक महिना २९ गते सोमवार (तदनुसार १४ नोभेम्बर २०१६)
स्थान : लैनचौर बैंक्वेट्स, नेपाल स्काउट कम्पाउण्ड, लैनचौर, काठमाडौं ।
समय : विहान ११:०० बजे ।

२) **सभाको सूचना प्रकाशन**

(क) यस बैंकको मिति २०७३ साल कार्तिक महिना ०४ गते बसेको सञ्चालक समितिको बैठकले निर्णय गरे बमोजिम बैंकको विशेष साधारण सभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ४ को उपनियम (३) अनुसार मिति २०७३ कार्तिक ५ गते र २०७३ कार्तिक २३ गते क्रमश: अन्नपूर्ण पोष्ट राष्ट्रिय दैनिक र आर्थिक अभियान राष्ट्रिय दैनिकमा गरी २ पटक सूचना प्रकाशित गरिएको ।

(ख) वार्षिक साधारण सभामा पर्यवेक्षकको रुपमा उपस्थित हुन नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लिमिटेड र सिडिएस एण्ड क्लियरिङ लि. लाई अनुरोध गरी पत्राचार गरिएको ।

(ग) साधारण सभामा आमन्त्रित भई दिनका लागि कानुनी सल्लाहाकार श्री लिगल एड्भाईजर्स फोरमका वरिष्ठ अधिवक्ता श्री शम्भु कुमार थापालाई अनुरोध गरिएको ।

३) **सभामा प्रस्तुत छलफलका विषयहरु :**

**(क) विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पुँजि (रु.२ अर्ब ६९ करोड ९१ लाख ६६ हजार ५३१ पैसा ६०) को ५० (पचास) प्रतिशत हकप्रद शेयर जारी गर्न स्वीकृति गर्ने ।

२ प्रस्तावित हकप्रद शेयर जारी पश्चात पुँजि वृद्धि हुने भएकोले बैंकको प्रबन्ध पत्रको दफा ५ (क), (ख) र (ग) संसोधन गरी बैंकको अधिकृत पुँजि, जारी पुँजि र चुक्ता पुँजि वृद्धि गर्ने । साथै सो संशोधनको क्रममा नियमन निकायबाट कुनै सुझाव, निर्देशन भएमा सोही बमोजिम प्रबन्धपत्र संशोधनको लागि सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने ।

**(ख) विविध**

४) **सभामा उपस्थिति :**

**(क) सञ्चालकहरुको उपस्थिति**

| | | |
|---|---|---|
| १) | श्री सन्तोष कुमार लामा | अध्यक्ष – उपस्थित |
| २) | डा. शोभा कान्त ढकाल | सञ्चालक – उपस्थित |
| ३) | श्री उत्तम प्रसाद भट्टराई | सञ्चालक – उपस्थित |
| ४) | श्री नरेश दुगड | सञ्चालक – अनुपस्थित |
| ५) | ई. विनोद दवाडी | सञ्चालक – उपस्थित |

KUMARI BANK LTD. CORPORATE OFFICE

६) श्री पुना राम भण्डारी — सञ्चालक – अनुपस्थित
७) श्री रसेन्द्र बहादुर मल्ल — सञ्चालक – अनुपस्थित

(ख) **पर्यवेक्षक तथा आमन्त्रितको उपस्थिति :**

१) पर्यवेक्षक, सहायक रजिष्ट्रार श्री खेम राज खत्री - श्री कम्पनी रजिष्ट्रारको कार्यालय
२) कानुनी सल्लाहकार लिगलएड्भाईजर्स फोरमका वरिष्ठ अधिवक्ता श्री शम्भु कुमार थापा

(ग) **बैंक पदाधिकारीहरुको उपस्थिति :**

१) श्री राजिव गिरी - का.मु.प्रमुख कार्यकारी अधिकृत
२) श्री रामेश्वर शर्मा अर्याल - सहायक महाप्रबन्धक
३) श्री अंगिर मान सिंह - सहायक महाप्रबन्धक
४) श्री नरेन्द्र प्रसाद छत्कुली - कम्पनी सचिव/प्रमुख-कानून तथा अनुपालन
५) श्री निर्मल कुमार खतिवडा - प्रमुख – वित्त, योजना तथा एमआईएस
६) श्री कुमार उप्रेती - अध्यक्ष - कुमारी बैंक लिमिटेड कर्मचारी संघ

(घ) **शेयरधनीहरुको उपस्थिति :**

१) संस्थापक शेयरधनीहरुबाट स्वयम् उपस्थित ८ जना र प्रोक्सी दिने ८६ जना शेयरधनीहरुबाट प्रतिनिधित्व भएको शेयर संख्या १,१८,८६,२५४
२) सर्वसाधारण समूहको स्वयम् उपस्थित ५१३ जना र प्रोक्सी दिने १२९ जना शेयरधनीहरुबाट प्रतिनिधित्व भएको शेयर संख्या ३१,६०,३४७
३) कुल शेयरधनीको प्रतिनिधित्व संख्या ७३६
४) कुल शेयर संख्याको प्रतिनिधित्व १,५०,४६,६०१
५) शेयरको कुल उपस्थिति प्रतिशत ५५.७५

५) **सभाको गणपूरक संख्या :**

| विवरण | जम्मा शेयर | स्वयम् उपस्थिति | प्रतिनिधि मार्फत | कुल शेयरधनी संख्या | शेयरको कुल उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| बाँडफाँड भएको कुल शेयर संख्या २,६९,९१,६६५ | १,५०,४६,६०१ | ५२१ | २१५ | ७३६ | ५५.७५ |

६) **सभाको वैधानिकता :**

सभा सञ्चालन गर्नको लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम ५ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्ये कम्तीमा ३ जना शेयरधनीहरु स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनुपर्ने प्रावधान अनुसार बिहान ११:०० बजेसम्म कुल शेयर संख्या (२,६९,९१,६६५) को १,४७,८९,१२७ शेयर अर्थात ५४.७० प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने तीनजना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउदै सभा सचालन गर्न प्रचलित ऐन, कानुन बमोजिम सभा वैधानिक रहेको व्यहोरा अनुरोध गर्नु भयो । सभा प्रारम्भ भई समापन नहुँदासम्मको हाजिरी अभिलेख अनुसार माथि तालिकामा उल्लिखित संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

७)	**सभाको अध्यक्षता :**

कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारण सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री सन्तोष कुमार लामाज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भएबमोजिम वहाले अध्यक्षताको आसन ग्रहण गर्नुभयो । साथै सञ्चालक समितिका अन्य सदस्यज्यूहरु, पर्यवेक्षक, आमन्त्रित तथा बैंकका पदाधिकारीहरु सबैलाई आ–आफ्नो स्थानबाट आसन ग्रहण गरि दिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहाँहरुले समेत आसन ग्रहण गर्नुभयो ।

८)	**सञ्चालक समितिको प्रतिवेदनको प्रस्तुती :**

अध्यक्षज्यूले उपस्थित शेयरधनी महानुभावहरुलाई हार्दिक स्वागत गर्दै साधारण सभाको कार्यक्रम अघि बढाउने क्रममा यस विशेष साधारण सभा बोलाउनु पर्नाको कारणको बारेमा प्रस्ट पार्नु हुँदै सो को समर्थन गरि पारित गरि दिनु हुन अनुरोध गर्नु भयो । उहाले गत सालको बासलातका सम्बन्धमा भएको प्रगति र चालु आ.ब.मा बैंकले गरेको प्रगतिको बारेमा समेत संक्षिप्त जानकारी गराउनु भयो । तत्पश्चात नेपाल राष्ट्र बैंकले पुँजि बृद्धिको लागि दिएको निर्देशनकै पालनार्थ बैंकले मर्जर एव प्राप्ति सम्बन्धी कार्यमा गरे भएका कार्यहरुको बारेमा स्पष्ट गराउन सञ्चालक एव मर्जर समितिका संयोजक डा. शोभा कान्त ढकाललाई अनुरोध गर्नुभयो ।

अध्यक्षज्यूको अनुमतिले सञ्चालक एवं मर्जर समितिका संयोजक डा. शोभा कान्त ढकालले यस अघिको विशेष साधारण सभाको नतीजा, सो पश्चात मर्जर समितिले मर्जर तथा प्राप्तिका सम्बन्धमा गरेका कार्य विवरण एवं सो को नतिजा स्वरुप हाल बैंकले विभिन्न चार वटा बैंक, वित्तीय संस्थाहरुलाई प्राप्ति गर्न गरेको सम्झौता, सो बाट बैंकले प्राप्त गर्न सक्ने थप पुँजि, निक्षेप, कर्जा, शाखा संख्या, कर्मचारी आदिको बारेमा जानकारी गराउँनु हुँदै ती संस्थाहरुलाई प्राप्ति गर्न शैद्धान्तिक सहमतीको लागि नेपाल राष्ट्र बैंकमा निवेदन गरेको, सम्पत्ति तथा दायित्व मूल्याकन गर्ने प्रयोजनको लागि मूल्याकंनकर्ता नियुक्त गरी कार्य थालनी भई सकेको र प्राप्तिको कार्य तोकिएको समयमा सम्पन्न गर्न गरेका प्रयासहरु लगायत प्राप्ति पछि अपुग हुने पुँजिका हकमा लिने रणनीतिको बारेमा समेत सभालाई जानकारी गराउनु भयो । साथै उहाले बैंकको सञ्चालक समिति तथा मर्जर समितिले सकेसम्म यस बैंकको साखलाई कायम राख्दै थप उच्च पार्ने मनसायका साथ कार्य गर्दै आएको र पछिल्ला समयमा सफलता समेत प्राप्त गर्दै गई रहेको व्यहोरा जानकारी गराउनु भयो । शेयरधनीहरुको सल्लाह र सुझावलाई मूल्याकंन गर्दै सम्भव भएसम्म कार्यान्वयनमा लाने र भाबि दिनमा समेत बैंकको छविलाई उच्च प्राथमिकतामा राखि बढी भन्दा बढी प्रतिफल दिने तर्फ कार्य गर्दै जाने व्यहोरा सभालाई जानकारी गराउनु भयो । अन्तमा पुंजि बृद्धि गर्ने राखिएको यस हकप्रद शेयरको प्रस्तावलाई र भाबि दिनमा समेत सञ्चालक समितिबाट प्रस्ताव हुने प्राप्ति लगायतका अन्य प्रस्तावहरुलाई पारित गरि दिनु हुनेछ भन्ने बिश्वास व्यक्त गर्नु भयो ।

९)	**छलफलका लागि आव्हान :**

साधारण सभामा शेयरधनीहरुले निर्धारीत विषयसूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भए अनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले यस बिशेष साधारण सभामा प्रस्तुत बिषयहरुमा शेयरधनीहरुले आ–आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राखी दिन क्रमैसंग अनुरोध गर्नुभयो ।

KUMARI BANK LTD. CORPORATE OFFICE

१०) **छलफलमा सहभागी हुने शेयरधनीहरुः**

१. श्री अमृतनाथ रेग्मी
२. श्री अशोक उप्रेती
३. श्री उद्धव प्रसाद घिमिरे
४. श्री रोज कुमार श्रेष्ठ

११) **छलफलमा सहभागी शेयरधनीहरुबाट व्यक्त धारणा एवं विचारः–**

छलफलमा सहभागी हुनुभएका शेयरधनीहरुबाट व्यक्त विचार एवं धारणालाई शारांशको रुपमा देहाय बमोजिम प्रस्तुत गरिएको छः–

क) **श्री अमृतनाथ रेग्मीः–** सभामा उपस्थित सवैलाई सम्बोधन गर्दै फरक फरक अवस्थामा फरक फरक निर्णय लिनु पर्ने हुंदा सोही अनुसार काम गर्नु पर्छ भन्नु हुँदै यस अघिको विशेष साधारण सभाको अवस्थाबाट अहिले फरक अवस्था आएकोले नै बैंकको निर्णय सही भएको धारणा राख्नु भयो । उहाँले मर्जर भन्दा पनि बैंकले प्राप्तिको प्रकृयामा जानु पर्ने धारणा राख्नु भयो । बैंकले पुँजि बृद्धि गर्दा हक प्रद शेयर, बोनश शेयर जारी गरेर, मर्जर वा प्राप्ति आदिको माध्यमबाट अगाडी बढ्न सक्ने व्यवस्था अन्तर्गत लिएको निर्णय स्वागत योग्य छ भन्नु भयो । प्राप्ति गरिने संस्थाहरुबाट जारी गरिने बोनश शेयर कति हुने हो र के कति पुँजि अपुग हुने हो भन्ने प्रश्न गर्नु भयो । मर्जर गर्दा पूर्वका झापा, जनकपुर पश्चिममा पोखरा गुल्मी तिरका बैंक, वित्तीय संस्थाहरुलाई समेट्न सके बैंकको उपस्थिति सवै क्षेत्रमा हुने र सो बाट बैंकले थप व्यवसाय प्राप्त गर्न सक्ने विचार व्यक्त गर्नु भयो । हाल बासेल–३ आईसकेकोले बैंकको पुँजि बृद्धि गरी कर्जा लगानी बढाउनु पर्ने अवस्था रहेको छ भने हाल प्रस्तावित रु.१० अर्वको सट्टा अझै अधिकृत पुँजि बढाउन सुझाव गर्नु भयो । हेग फण्ड बढाउन सके विदेशी मुद्रा आर्जनमा बृद्धि गर्न सकिने धारणा राख्नु हुँदै स्टाफ खर्च घटाउन सके मुनाफामा बृद्धी गर्न सकिने र सम्भव भए सम्म रु.१००/ कमाएर २३ देखि २५ पैसा खर्च गर्न सके राम्रो हुने र सो को लागि आम्दानी बढाउनु पर्ने सुझाव गर्नु भयो । कर्जाको प्रतिलेखन (right back) सधैं नहुने भएकोले संचालन क्षमता (operating effeciency) बढाउनु पर्ने धारणा राख्नु भयो । चालु आ.व.मा रु.१ अर्व जति कमाउने लक्ष्यलाई बढाएर रु.१ अर्व ५० करोड कमाउने प्रतिवद्धता होस भन्ने विचार व्यक्त गर्नुभयो ।

ख) **श्री अशोक उप्रेतिः** उपस्थित सवैलाई सम्बोधन गर्दै आजको विषय स्वागत योग्य छ । धेरै कुरा पूर्ववक्ता शेयरधनीले भनि सक्नु भएकोले हकप्रद शेयर जारी गर्ने प्रस्तावमा आफ्नो पूर्ण समर्थन रहेको विचार व्यक्त गर्नु भयो ।

ग) **श्री उद्धव प्रसाद घिमिरेः** बैंकले यस अघि विशेष सधारण सभामा प्रस्तुत मर्जर प्रकृयाबाट पछि हटेर पुँजि बृद्धि गर्न हकप्रद शेयर जारी गर्ने प्रस्ताव ल्याएकोमा सञ्चालक समितिलाई हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै चार वटा बैंक, वित्तीय सस्थालाई समेटर प्राप्तिको माध्यमबाट पुँजि बृद्धि गर्ने बाटो समाएकोमा पनि धन्यवाद दिनु भयो । उहाँले अहिले प्रस्तावित हकप्रद, प्राप्ति र बोनश शेयरबाट पनि चुक्ता पुँजि रु.८ अर्व पुग्ने अवस्था नदेखिएकोले अबको विकल्प के हो भनि प्रश्न गर्नु भयो । अन्तराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नको लागि पनि बैंकको अधिकृत तथा चुक्ता पुँजि बृद्धि गर्न आवश्यक भएकोले अझै पुँजि बृद्धि गर्ने तर्फ सोचाइ राख्न सुझाव गर्नु भयो । प्रस्तावित हकप्रद शेयर कहिले सम्म आव्हान गर्ने

KUMARI BANK LTD. CORPORATE OFFICE

हो सो को जानकारी दिन अनुरोध गर्नु भयो । साथै अन्तमा यस वर्षको वार्षिक साधारण सभा कहिले सम्म हुने हो सो को समेत जानकारी माग गर्नु भयो ।

घ) **श्री रोज कुमार श्रेष्ठ :** यस अघि विशेष साधारण सभामा NCC बैकसंगको मर्जर प्रस्तावमा सहभागि भएको स्मरण गर्दै अहिले बैंक आफैले हकप्रद शेयर जारी गर्ने प्रस्ताव ल्याई आफै पुँजि पुऱ्याउन लागेकोमा धन्यवाद दिनु भयो । साथै उहाँले यो हकप्रद, प्राप्ति र बोनश शेयर जारी पश्चात पनि रु.८ अर्ब पुग्ने हिसाव नदेखिएकोले बाँकी के कसरी पुऱ्याउने हो सम्बन्धमा स्पष्ट पार्न अनुरोध गर्नुभयो । उहाँले रु.८ अर्ब चुक्ता पुँजि पुऱ्याउन नसकेको कारणले बैंकले नेपाल राष्ट्र बैंकबाट कुनै सजाएं भोग्नु पर्ने त होईन भनि आशंका व्यक्त गर्नु हुँदै अन्तमा यस हकप्रद शेयर जारी गर्ने प्रस्तावमा आफ्नो पूर्ण समर्थन रहेको विचार व्यक्त गर्नु भयो ।

१२) **सभामा पेश भएका सुझाव तथा सवाल जवाफको प्रस्तुतिकरण :**
छलफलमा सहभागी शेयरधनी महानुभावहरुले पेश गर्नु भएको धारणा, सुझाव तथा जिज्ञासाका सम्वन्धमा अध्यक्षज्यूको अनुमतिले सञ्चालक एवं मर्जर समितिका संयोजक डा. शोभाकान्त ढकालले दिनु भएको जवाफ तथा प्रष्टिकरण निम्न अनुसार प्रस्तुत गरिएको छ :–

वक्ता शेयरधनीहरुले उठाउनु भएका सवालहरुको जवाफ देहाय बमोजिम स्पष्ट गराउनु भयो :–

१) वक्ता शेयरधनी साथिहरुले राखेको जिज्ञासा अनुसार यो हकप्रद शेयर जारी गरे पछि हाल अगाडी बढाइएको प्राप्ति (Acquisition) प्रकृया र आ.ब. २०७२/७३ र २०७३/७४ को कमाईबाट जारी गर्न सकिने बोनश शेयरबाट समेत अपुग हुने पुँजिको योजना के छ भन्ने जिज्ञासामा उल्लिखित सबै प्रकृयाबाट अपुग पुँजिको सम्वन्धमा प्राप्तिको प्रकृयामा सहभागि लक्षित संस्थाहरुसंग आपसमा सल्लाह र सहमतीको आधारमा पुनः हकप्रद शेयर जारी गर्ने वा अन्य संस्थालाई लिएर अघि बढ्ने भन्ने निर्णय भई नसकेकोले अहिले नै यहि हो भन्न सकिने अवस्था नभएको व्यहोरा जानकारी गराउनु भयो । यद्यपि नेपाल राष्ट्र बैंकले तोकेको समय सीमा भित्रै पुँजि पुऱ्याउने लक्ष्यका साथ सञ्चालक समिति र मर्जर समिति अगाडी बढेको व्यहोरा समेत अवगत गराउनु भयो ।

२) चालु आ.व.मा रु. १ अर्ब ५० करोड कमाउने प्रतिबद्धता आओस भन्ने भनाईमा उहाँले सकेसम्म काम गरेर देखाउने र अहिले नै धेरै बोल्न उचित नहुने विचार व्यक्त गर्नु भयो ।

३) यो साल कति बोनश शेयर दिन सकिने हो र कहिलेसम्म साधारण सभा हुन्छ भन्ने प्रश्नको जवाफ दिनु हुँदै गत आ.व.को कमाई रु.७४ करोड भएको व्यहोरा यहाँहरुलाई विदितै छ भन्दै उक्त कमाईबाट के कति बोनश शेयर दिन सकिन्छ भन्ने कुराको हिसावमा यहाँहरु आफै पोख्त हुनु भएकोले सञ्चालक समितिको निर्णय अगाडी यति बोनश भन्न कानुन सम्मत नहुने व्यहोरा अनुरोध गर्नु भयो । साथै उहाँले पछिल्लो आ.व.को साधारण सभा गर्नको लागि बैंकको वासलात अन्तिम अवस्थामा भएको र नेपाल राष्ट्र बैंकबाट स्वीकृति लिएर उपयुक्त समय मिलाएर साधारण सभा आव्हान गरिने व्यहोरा जानकारी गराउनु भयो ।

४) प्रस्तावित हकप्रद शेयर कहिले सम्म आउँछ भन्ने प्रश्न प्रति इंगित गर्दै यस सभाबाट स्वीकृत भए पश्चात आवश्यक सबै प्रकृयाहरु पुरा गरेर सके सम्म चाँडै हकप्रद शेयर जारी गर्ने विश्वास दिलाउनु भयो ।

५) बैंकको अधिकृत पुँजि अझ बढाउन दिएको सुझावमा उहाँले आवश्यकता र समयको माग अनुसार पुँजि वृद्धि गर्ने तर्फ सकारात्मक रुपमा अघि बढ्ने धारणा राख्नु भयो ।

KUMARI BANK LTD.
CORPORATE OFFICE

अन्तमा यहाँहरुले दिएको अधिकार अन्तर्गत रहि बैंक सञ्चालक समितिले आफ्नो जिम्मेवारीलाई ईमान्दारिताका साथ पुरा गर्दै नेपाल राष्ट्र बैंकले जारी गरेको पुँजि बृद्धि सम्बन्धी निर्देशनलाई समयमै पुरा गर्ने प्रतिवद्धता स्वरुप यो हकप्रद शेयर जारी गर्ने प्रस्ताव ल्याएको र सोही अनुसार आगामी वार्षिक साधारण सभामा बोनश शेयर लगायत प्राप्ति समेतका विषयहरुलाई प्रस्ताव गरिने हुँदा आजको यस हकप्रद शेयरको प्रस्तावलाई पारित गर्नु हुने विश्वास लिएको व्यहोरा अनुरोध गर्नु भयो ।

कम्पनी सचिवले अध्यक्षज्यूको निर्देशनानुसार सभाको निर्धारित विषयसूची बमोजिम सभामा प्रस्तावित विषयहरु निर्णयार्थ पेश गर्ने अनुमति माग्दै प्रस्तुत प्रस्तावहरु क्रमैसंग पारित गरीदिन अनुरोध गर्नुभयो ।

१३) **सभाको प्रस्ताव तथा निर्णयहरु:–**

**क. विशेष प्रस्ताव**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हालको चुक्ता पुँजि (रु.२ अर्ब ६९ करोड ९१ लाख ६६ हजार ५३१ पैसा ६०) को ५० (पचास) प्रतिशत हकप्रद शेयर जारी गर्न स्वीकृति गर्ने ।

**निर्णय :–**सभाले उक्त प्रस्तावलाई कर्तलध्वनीका साथ तालि बजाई सर्वसम्मतिले पारित गर्ने निर्णय गरियो ।

२. प्रस्तावित हकप्रद शेयर जारी पश्चात पुँजि बृद्धि हुने भएकोले बैंकको प्रबन्ध पत्रको दफा ५ (क), (ख) र (ग) शंसोधन गरी बैंकको अधिकृत पुंजि, जारी पुँजि र चुक्ता पुजि बृद्धि गर्ने । साथै सो संशोधनको क्रममा नियमन निकायबाट कुनै सुझाव, निर्देशन भएमा सोही बमोजिम प्रबन्धपत्र संशोधनको लागि सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने ।

**निर्णय :–** प्रस्ताव नंबर २ मा रहेको बैंकको पुँजि बृद्धि सम्बन्धी प्रबन्ध पत्रको दफा ५ (क), (ख) र (ग) लाई देहाय बमोजिम संशोधन गर्ने र सो संशोधनको क्रममा नियमन निकायबाट कुनै सुझाव, निर्देशन भएमा सोही बमोजिम प्रबन्धपत्र संशोधनको लागि सञ्चालक समितिलाई अधिकार प्रदान गर्ने प्रस्तावलाई समेत सभाले कर्तलध्वनीको साथ तालि बजाई सर्व सम्मतिले पारित गर्ने निर्णय गरियो ।

**प्रबन्धपत्रको दफा ५ (क)** "बैंकको अधिकृत पुंजी रु.१०,००,००,००,०००/– (अक्षरुपी दश अर्ब मात्र) हुनेछ । उक्त पुँजीलाई रु.१००/- का दरले १०,००,००,००० (दश करोड) थान साधारण शेयरमा विभाजन गरिएको छ ।"

**प्रबन्धपत्रको दफा ५ (ख)** "बैंकको तत्काल जारी गर्ने शेयर पुंजी रु.४,०४,८७,४९,७९७/४० (अक्षरुपी चार अर्ब चार करोड सतासी लाख उनान्चास हजार सात सय सन्तानब्बे पैसा चालिस मात्र) हुनेछ ।"

**प्रबन्धपत्रको दफा ५ (ग)** "बैंकको तत्काल चुक्ता पुंजी रु.४,०४,८७,४९,७९७/४० (अक्षरुपी चार अर्ब चार करोड सतासी लाख उनान्चास हजार सात सय सन्तानब्बे पैसा चालिस मात्र) हुनेछ ।"

ख. विविध ।

विविध प्रस्ताव केही नभएको ।

KUMARI BANK LTD. CORPORATE OFFICE

सभाको अन्तमा अध्यक्षज्यूले सञ्चालक समितिबाट प्रस्तावित प्रस्तावहरु सर्व सम्मतिका साथ पारित गरी दिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । सञ्चालक समितिले यहाँहरुबाट प्राप्त सल्लाह र सुझावलाई सदैव सकारात्मक रुपमा ग्रहण गरी यथाशक्य कार्यान्वयन पनि गर्दै गई रहेको व्यहोरा जानकारी गराउनु भयो । साथै पुँजि वृद्धि गर्ने सवालमा उपयुक्त बैंक, वित्तीय संस्थाको खोजि गरी यस बैंकको नाम र साखःलाई कायम राखि मर्जर वा प्राप्तिको माध्यमबाट पुँजि वृद्धि गर्ने सवालमा मर्जर समितिका संयोजकज्यूले मर्जर समितिका सदस्य तथा अन्य संस्थापकहरु एवं सरोकारवालाहरुलाई समेत विश्वासमा लिई अहोरात्र खट्नु भएको जानकारी गराउनु हुँदै जसको फलस्वरुप यस अघि जानकारी गराए अनुसार चार वटा बैंक, वित्तीय संस्थाहरुलाई प्राप्ति गर्ने समझदारी पत्रमा हस्ताक्षर भई शैद्धान्तिक सहमतीको लागि निवेदन गरेको र सो को स्वीकृति पश्चात आगामी साधारण सभामा गरिने प्राप्तिको प्रस्तावलाई समर्थन गरिदिनु हुनेछ भन्ने विश्वास समेत व्यक्त गर्नु भयो । अन्तमा यस साधारण सभालाई १ घण्टाको छोटो समयमै सम्पन्न गर्न सहयोग पुर्‍याउनु भएकोमा पुनः हार्दिक धन्यवाद ज्ञापन गर्नु भयो । साथै यस सभालाई सम्पन्न गर्न नियमन निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज लि., सिडिएस एण्ड क्लियरिङ लि. लगायत कानूनी सल्लाहकार, सञ्चालक साथीहरु, बैंकका कर्मचारीहरु, पत्रकार मित्रहरु सम्बद्ध सवैप्रति हार्दिक आभार प्रकट गर्दै अध्यक्षज्यूले मध्यान्ह १२:१५ बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

नरेन्द्र प्रसाद छत्कुली
कम्पनी सचिव

KUMARI BANK LTD.
CORPORATE OFFICE

सन्तोष कुमार लामा
अध्यक्ष-सञ्चालक समिति